# प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८२

कार्यविधि लागु हुने मितिः२०८२।०५।०६

गण्डकी गाउँपालिका

गण्डकी गाउँपालिका

भुम्लिचोक, गोरखा।

## प्रस्तावना

तरकारी पकेट क्षेत्रको रुपमा चिनिएको गण्डकी गाउँपालिका अधिकाशं कृषकहरु अझै पनि परम्परागत रुपमा तरकारी खेती गरेको देख्न सकिन्छ।खुला जमिनमा खेती गर्दा रोग कीराको समस्या बढी भई अन्धाधुन्ध रुपमा विषादीको प्रयोग गरेको अवगत छ। खुला अवस्थामा खेती गरेको बाली भन्दा संरक्षित संरचनामा खेती गर्दा रोगकीराको व्यवस्थापन सजिलो हुने र उत्पादकत्व बढी हुनुको साथै गुणस्तरीय तरकारी पनि उत्पादन हुन्छ ।संरक्षित संरचनाहरुको प्रयोगले प्रतिकूल मौसममा पनि सफल रुपमा खेती गर्न सकिने,मल र पानीको नियन्त्रित प्रयोग गर्न सकिन्छ ।यसै सन्दर्भमा आ.व.२०८२/८३ को लागि गाउँपालिकाको आन्तरिक श्रोतबाट प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम संचालनलाई मितव्ययी, पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाई कार्यक्रम संचालन गर्न बाञ्छनीय भएकोले गण्डकी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८२ रहेको छ ।

ख) यो कार्यविधि गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

**२) कार्यविधि लागू हुने क्षेत्रः**यो कार्यविधि गण्डकी गाउँपालिकाभित्र लागू हुनेछ ।

**३) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क) "गाउँपालिका"भन्नाले गण्डकी गाउँपालिकालाई सम्झनु पर्दछ।

ख) "वडा" भन्नाले गण्डकी गाउँपालिका मातहतका ८ वटै वडा सम्झनु पर्दछ।

ग) "समिति" भन्नाले दफा २ बमोजिम छनौट समितिलाई सम्झनु पर्दछ।

घ) "फार्म" भन्नाले एकल स्वामित्व वा वहु स्वामित्वमा रही आधिकारिक निकायमा कानुन वमोजिम दर्ता भएको समूह सम्झनु पर्दछ।

ङ) "समूह"भन्नाले गण्डकी गाउँपालिकामा दर्ता भएको कृषक समूह बुझ्नु पर्दछ।

च) "कृषक"भन्नाले गण्डकी गाउँपालिकाका कृषकलाई सम्झनु पर्दछ ।

छ) "लाभग्राही" भन्नाले व्यावसायिक रुपमा उच्च मूल्य जाने तरकारीबाली वा तरकारी बालीको नर्सरी व्यवसाय संचालन गर्न वा पुष्प खेती गर्नका लागि यस कार्यविधि बमोजिम छनौट भएका कृषक/कृषि समूह/ कृषि सहकारी/कृषि फर्म सम्झनुपर्दछ ।

ज) प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन प्रविधि भन्नाले हाइटेक ग्रीनहाउस,नेचुरल्ली भेन्टिलेटेड ग्रीनहाउस,एग्रीनेट हाउस,प्लाष्टिक टनेल (जि आइ पाइप वा बाँसको),सूक्ष्म सिंचाई पूर्वाधार तथा प्लाष्टिक छापो प्रयोग गरी उच्च मूल्य जाने तरकारीबाली वा तरकारी बालीको बेर्ना वा पुष्प उत्पादन तथा व्यवस्थापनलाई सम्झनुपर्दछ ।

झ) अनुदान भन्नाले पूर्वाधार निर्माणका लागि सहयोग उपलब्ध गराइने नगद वा उत्पादन सामग्री अनुदान सहयोगलाई सम्झनुपर्दछ ।

ञ) ग्रीनहाउस भन्नाले हाइटेक ग्रीनहाउस,नेचुरल्ली भेन्टिलेटेड ग्रीनहाउस तथा एग्रीनेट हाउसलाई सम्झनुपर्दछ ।

ट) "प्लाष्टिक टनेल, घर" भन्नाले जि. आइ. पाइप वा बाँस र सिलपोलिन प्लाष्टिक प्रयोग गरी बनाइएको घर वा टनेललाई सम्झनुपर्दछ ।

ठ) "हाइटेक ग्रीनहाउस" भन्नाले तापक्रम व्यवस्थापनको अतिरिक्त परावैजनी किरण अवरोधक पोलिथिन (U.V. Stabilized Polyethylene film) र जाली (U.V. Stabilized Thermal Net) सँगै एग्रि नेट वा इन्सेक्ट नेट (Agri Net or Insect Net) को आवरण र Galvanized Iron वा Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनुपर्दछ ।

ड) "नेचुरल्ली भेण्टीलेटेड ग्रीनहाउस " भन्नाले तापक्रम नियन्त्रणको अतिरिक्त टप तथा साइड भेण्टिलेशनका माध्यमबाट तापक्रम व्यवस्थापन सहितको परावैजनी किरण अवरोधक पोलिथिन (U.V. Stabilized Polyethylene Film) र जाली (U.V. Stabilized Thermal Net) सँगै एग्रि नेट वा इन्सेक्ट नेट (Agri Net or Insect Net) को आवरण र Galvanized iron वा Aluminium Locking Profile बाट निर्मित घरलाइ सम्झनुपर्दछ ।

ढ) "एग्रिनेट हाउस" भन्नाले फ्ल्याट टप भइ ४० Mesh को टप एग्रिनेट, एल्मुनियम शेड नेट तथा क्रिष्टल साइड नेटको आवरण र Galvanized iron वा Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनुपर्दछ ।

ण) "प्लाष्टिक टनेल, घर" भन्नाले जि. आइ. पाइप वा बाँस र सिलपोलिन प्लाष्टिक प्रयोग गरी बनाइएको घर वा टनेललाई सम्झनुपर्दछ ।

४) **कार्यक्रमको उद्धेश्य**

क) आधुनिक प्रविधिको प्रयोगबाट उच्च मूल्य जाने तरकारी बाली र पुष्प बालीको उत्पादकत्व तथा गुणस्तर वृद्धि गर्ने ।

ख) कृषक समूह, कृषि सहकारी तथा निजी कम्पनीलाई व्यवसायिक तरकारी र पुष्प खेतीमा आकर्षित गरी लगानीको वातावरण सिर्जना गर्ने ।

ग) बेरोजगार युवाहरूलाई कृषिको व्यवसायिकरणमा आकर्षित गरी कृषिको व्यवसायिकरणमा सहयोग पुर्याउने ।

## परिच्छेद २ कार्यक्रम र सञ्चालन विधि

५) **संचालन हुने क्रियाकलापहरु**

क) **प्लाष्टिक टनेल वितरणः** गण्डकी गाउँपालिकाभित्र व्यावसायिक रुपमा तरकारी तथा पुष्प खेती गर्न ईच्छुक कृषक/कृषि समूह/ कृषि सहकारी/कृषि फर्महरुलाई ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल सिट वितरण गर्न सकिनेछ ।

**ख) संरक्षित संरचनाभित्र तरकारी र पुष्प खेती सम्बन्धि तालिम संचालनः**प्लाष्टिक टनेल वितरण कार्यक्रममा सहभागी आवेदकलाई लक्षित गरी संरक्षित संरचनाभित्र तरकारी तथा पुष्प खेती सम्बन्धि तालिम संचालन गरिनेछ ।

**६) सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने**

क) कृषक/कृषि समूह/ कृषि सहकारी/कृषि फर्महरुलाई लक्षित गरी सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिनेछ ।

ख) उपदफा (क) बमोजिम सूचना प्रकाहन भए पश्चात आवेदकले दफा ७ बमोजिक योग्यता पुगेका प्रस्तावकले सूचनामा तोकिएको कार्यालयमा अनुसूचि २ बमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ ।

**७) आवेदन दिन आवश्यक योग्यता**

यस कार्यविधि अनुरुपको कार्यका लागि तपशिल अनुसारका योग्यता पुगेका कृषक/कृषि समूह/ कृषि सहकारी/कृषि फर्महरुले आवेदन दिन सक्नेछन् ।

गण्डकी गाउँपालिका

क) आवेदकले कानुन अनुसार पुरा गर्नुपर्ने सबै दायित्वहरु जस्तैं लेखापरिक्षण, करचुक्ता, र नवीकरण पुरा गरेको हुनुपर्नेछ ।

ख) नेचुरल्ली भेन्टिलेटेड ग्रीनहाउस तथा एग्रीनेट हाउसको हकमा आवेदकको आफ्नै स्वामित्वमा पर्याप्त जग्गा भएको वा कम्तिमा १० वर्षको लागि भाडामा लिएको हुनुपर्नेछ ।

ग) प्लाष्टिक घर/टनेल निर्माणको हकमा आवेदकको आफ्नै स्वामित्वमा प्रयाप्त जग्गा भएको वा कम्तिमा ५ वर्षको लागि भाडामा लिएको हुनुपर्नेछ ।

घ) जग्गाको जग्गा धनि प्रमाण पूर्जाको प्रतिलिपि र भाडामा लिएको भए भाडामा लिएको सम्झौतापत्र र जग्गा धनि प्रमाण पूर्जाको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

ङ) समान प्रयोजनको लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्वघोषणा पत्र पेश गर्नु पर्नेछ ।

च) भौतिक पूर्वाधार निर्माणको हकमा डिजाइन, ले-आउट, तथा लागत इष्टिमेट प्राविधिकबाट तयार भएको हुनुपर्नेछ ।

छ) संरक्षित संरचनामा प्रस्तावित बालीको खेतीमा अनुभव भएको हुनु पर्नेछ ।

**८) छनौट समिति**

क) रित पूर्वक पेश हुन आएका आवेदनहरुको मुल्याङकन गरी छनौट गर्ने देहाय बमोजिम समिति गठन हुनेछः

- गाउँपालिका अध्यक्ष - संयोजक
- गाउँपालिका उपाध्यक्ष- सदस्य
- प्रमुख प्रशासकीय अधिकृत- सदस्य
- योजना शाखा प्रमुख –सदस्य
- आर्थिक प्रशासन शाखा प्रमुख –सदस्य
- कृषि शाखा प्रमुख-सदस्य सचिव

ख)समितिले आवश्यकता अनुसार शाखाको अन्य कर्मचारीलाई आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ।

ग)छनौट समितिले मुल्याङकन सिफारीस गरेको सुची कार्यालयको Website वा वडा कार्यालयको सुचना पाटिमा प्रकाशन गर्नेछ।

गाउँपालिका

घ)छनोट भएका कृषक/कृषक समूह/कृषि फार्म/कृषि सहकारी संस्थाहरुले अनुसुची ३ बमोजिम कार्यक्रम संचालनको लागि सम्झौता गर्नुपर्नेछ।

## परिच्छेद ४ अनुगमन तथा मूल्याङ्कन

क)सञ्चालित कार्यक्रमको अनुगमन यस गण्डकी गाउँपालिकाको अनुगमन समितिबाट जुनसुकै बेला पनि गर्न सकिनेछ।जसअन्तर्गत देहायबमोजिमको समिति रहनेछः

क) गाउँपालिका उपाध्यक्ष -संयोजक
ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
ग) आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य
घ) योजना शाखा प्रमुख -सदस्य
ङ) कृषि विकास शाखा प्रमुख- सदस्य सचिव

आवश्यकता अनुसार कार्यक्रम सञ्चालन भएको वडा अध्यक्षलाई प्रतिनिधित्व गराउन सकिनेछ।अनुगमन पश्चात अनुगमन प्रतिवेदन तयार गर्नुपर्नेछ।

ख)छनौट पश्चात अनुगमन समितिले टनेल घर बनेको नबनेको अनुगमन गरेर मात्र टनेल प्लाष्टिक उपलब्ध गराउनेछ ।

ग)गाउँपालिका तथा वडा कार्यालयले टनेल वितरण गरिसकेपछि कृषकले टनेल प्लाष्टिक हालेका छन् छैनन् र टनेल घरमा तरकारी तथा पुष्प खेति गरेका छन् छैनन् बेला बेलामा अनुगमन गर्नेछ ।यदि प्लाष्टिक टनेल प्राप्त गरी त्यसको दुरुपयोग गरेको पाइएमा दुरुपयोग कर्तालाई गाउँपालिकाले उपलब्ध गराउने अन्य सुविधामा कटौति गर्नेछ ।

## परिच्छेद ५ भुक्तानी प्रक्रिया

क) **भुक्तानी सम्बन्धमा** : सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) बमोजिम हुनेछ.

ख) **भुक्तानी दिन बाध्य नहुने** : सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन।

सम्झौता गरेको आर्थिक वर्ष भित्रमा कार्यसम्पन्न गरी भुक्तानी लिन नआएमा त्यस्ता अनुदानग्राहीलाई रकम भुक्तानी गरिने छैन।

गण्डकी गाउँपालिका

## परिच्छेद ६ विविध

**क) कारवाहीको व्यवस्था**

यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित ऐन नियम बमोजिम कारबाही गरीनेछ।

**ख)प्रचलित कानुन लाग्ने**

यस कार्यक्रम कार्यान्वयन सम्बन्धमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।यस कार्यविधिमा उल्लेख नभएका कुराहरु प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।

**ग)कार्यविधिमा संशोधन**

गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाले यस कार्यविधिमा समयानुकुल संशोधन गर्न सक्नेछ ।

# अनुसूचि १

## प्लाष्टिक टनेल वितरण कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना
## प्रथम पटक प्रकाशित मितिः२०८२।०५।११

यस गण्डकी गाउँपालिका, कृषि विकास शाखाको चालु आ.व. २०८२।८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलको कार्यक्रम संचालनको लागि ईच्छुक कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायका कागजातहरु सहित गण्डकी गाउँपालिका कृषि विकास शाखामा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदन छनौटको लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**<u>कार्यक्रमको विवरणः</u>**

| क.सं. | कार्यक्रमको नाम | लाभग्राहीले व्यहोर्नु पर्ने लागत साझेदारी प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम अन्तर्गत प्लाष्टिक टनेल वितरण | ५० प्रतिशत | • ९०GSM को (६*१२ वर्ग मिटर) प्लाष्टिक सिट उपलब्ध गराईनेछ।<br>• लाभग्राहीले बढिमा ५ मि. चौडाई र बढिमा १० मि. लम्बाई भएको टनेल निर्माण गर्नुपर्नेछ ।<br>• टनेल निर्माण खर्च लाभग्राही स्वंयम व्यहोर्नु पर्नेछ । |

**<u>आवश्यक कागजातहरु</u>**

१) निवेदन
२) वडा कार्यालयको सिफारिस पत्र
३) कृषकको हकमा नागरिकता प्रतिलिपि
४) फर्म/समूह/सहकारीको हकमा प्रमाणपत्र नविकरण/ स्थाई लेखा नं/करचुक्ता प्रतिलिपि
५) समूह वा सहकारीको हकमा निर्णयको प्रतिलिपि
६) जग्गा लालपूर्जाको प्रतिलिपि

**बोधार्थः**

श्री सूचना प्रविधि शाखा, वेवसाईटमा अपलोड गरिदिनुहुन ।

श्री वडा कार्यलय (सबै) सूचना पाटीमा सूचना टाँस गरी आफ्नो वडा भित्रका आवेदक कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारीहरुलाई जानकारी गरिदिनुहुन, साथै सूचना टाँस भएको जानकारी यस कार्यलयमा समेत पठाउनुहुन ।

गण्डकी गाउँपालिका

# अनुसूचि २

## प्लाष्टिक टनेल मागका लागि कृषकले कार्यालयमा पेश गर्ने निवेदनको ढाँचा

मितिः

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू**
**गण्डकी गाउँपालिका, गोरखा ।**

<u>**विषयःप्लाष्टिक टनेल उपलब्ध गराईदिने सम्बन्धमा ।**</u>

प्रस्तुत विषयमा, तँहा कार्यालयबाट मिति.....................प्रकाशित सूचना बमोजिम गण्डकी गाउँपालिका,गोरखा, वडा नं...............निवासी म..........................................विगत ..............वर्ष देखि तरकारी खेति गर्दै आइरहेको व्यहोरा जानकारी गराउँदै ......... थान प्लाष्टिक टनेल उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।साथै विगतको २ आर्थिक वर्षमा कुनै कार्यालयबाट प्लाष्टिक टनेलमा अनुदान नलिएको स्वघोषणा गर्दछु यदि लिएको ठहरेमा मेरो आवेदन खारेज गरेमा कुनै आपत्ती नरहने प्रतिबद्धता गर्दछु ।

**<u>निवेदक</u>**

हस्ताक्षर
नामः
सम्पर्क नं
मितिः

गण्डकी गाउँपालिका

# अनुसूचि ३

स्पेशिफिकेशन

प्लाष्टिक टनेल (बाँस र जि.आइ.पाइप )

| क्र.सं. | विवरण | स्पेशिफिकेशन |
|---|---|---|
| १ | प्लाष्टिक | ९०GSM वा सो भन्दा बढीको सिल्पाउलिन वा २०० माइक्रोनको UV प्लाष्टिक |
| २ | बाँस | खामाको लागि प्रयोग हुने बाँस नफोडिएको र बाङ्गो तिङ्गो नभइ सोझो हुनु पर्नेछ ।<br>धुरी र छेउ खामोमाथि राखिने बाँस सिङ्गै वा फोडिएको हुन सक्नेछ । |
| ३ | पाइप | • जि.आइ.पाइप.<br>• पोलको लागि प्रयोग गरिने जि.आइ.पाइप.२इन्च मोटाइ भएको<br>• धुरी,छेउ र धुरीबाट छेउसम्म लगाइने जि.आइ.पाइप. १इन्च गोलाइ भएको हुनुपर्ने<br>• पोलका लागि प्रयोग गरिने पाइप चारकुने वा गोलो जुन भए पनि हुने तर धुरीमा, छेउमा र धुरीबाट छेउमा लगाइने पाइप भने गोलो हुनुपर्ने। |
| ४ | उचाई तथा चौडाई | • प्लाष्टिक टनेल घर बढिमा १० मिटर लम्बाई र बढीमा ५ मीटर चौडाइको हुनुपर्नेछ ।<br>• खाँबोको उचाई भने प्लाष्टिक घर निर्माण गर्ने जग्गाको धरातलीय अवस्थित अनुसार गर्नुपर्दछः<br>• ८०० देखि ११०० मिटर-धुरी ४मिटर र खाँवा ३ मिटर<br>• ११०० देखि १४०० मिटर- धुरी ३.५मिटर र खाँवा २.५ मिटर<br>• १४०० देखि १९०० मिटर- धुरी ३ मिटर र |

गण्डकी गाउँपालिका

| | | |
|---|---|---|
| | | खाँवा २ मिटर<br>• खामो ५५ से.मि.माटो मुनि गाडिएको हुनुपर्नेछ । |

## अनुसूचि ४

## सम्झौता पत्र

आ.व.२०८२।८३ गण्डकी गाउँपालिका.......................को कार्यक्रम संचालनको लागि गण्डकी गाउँपालिका (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) र छनौट भएका कृषि फार्म/कृषक समूह/कृषि सहकारी.......... (यस भन्दा पछाडि दोस्रो पक्ष भनिने) बिच तपशीलका शर्तमा रहि कार्यक्रम सञ्चालन गर्न द्धिपक्षीय सम्झौता भएको छ।

**तपशीलः**

१.कार्ययोजना अनुसार कार्यक्रम र क्रियाकलाप तोकिएको अवधिमा सम्पन्न गर्नु दोस्रो पक्षको जिम्मेवारी हुनेछ।

२.पहिलो पक्षले दोस्रो पक्षलाई कार्यक्रम सञ्चालनको लागि दिनुपर्ने अनुदान रकम कृषि फार्म/कृषक समूह/कृषि सहकारीको बैक खातामा जम्मा गर्नेछ।

३.पहिलो पक्षबाट तोकिएको प्राविधिक विषय बस्तुलाई दोस्रो पक्षले अनिवार्य पालना गर्नुपर्नेछ।

४.पहिलो पक्षबाट प्राप्त हुन आएको अनुदान सहयोगलाई दोस्रो पक्षले कम्तिमा पनि ५ वर्ष सम्म मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेको पाईएमा रकम निजहरुले सो रकम असुल उपरको लागि प्रचलित कानुन बमोजिम आवश्यक कारवाहि गरिनेछ।

५.पहिलो पक्षले अनुदान प्राप्त गर्नेको नियमित अनुगमन गर्ने छ।

६. दोस्रो पक्षले चौमासिक रुपमा प्रगति विवरण शाखामा बुझाउनु पर्नेछ।

प्रथम पक्ष — दोस्रो पक्ष

गण्डकी गाउँपालिकाको तर्फबाट दस्तखत गर्नेको — नाम:

नामः — पद:

पदः 

दस्तखतः

कार्यालयको छापः

कार्यालयको छापः

आज्ञाले,

भुवन चापागाई

प्रमुख प्रशासकीय अधिकृत

गण्डकी गाँउपालिका